# कोशी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
१ नं.प्रदेश, नेपाल
(प्रशासन शाखा)

आ.व २०७९/०८० मा आन्तरिक आय संकलन गर्ने ठेक्का बन्दोबस्त सम्बन्धी दरभाउपत्रको शिलबन्दी सुचना

सूचना प्रकाशित मिति २०७९/०५/२८

कोशी गाउँपालिकामा निम्न अनुसार श्रोतबाट प्राप्त हुने आन्तरिक आय संकलन आ.व. २०७९/०८० बाँकी अवधीका लागि ठेक्का बन्दोबस्त गर्न आवश्यक भएकोले तपसिल बमोजिमको शर्तको अधिनमा रहि इच्छुक ठेकेदार, फर्महरुबाट तोकिएको समयभित्र आफूले ठेक्का लिन चाहेको ठेक्काको दरभाउपत्र यस गाउँकार्यपालिकाको कार्यालयमा तोकिएको मितिमा दाखिला गर्न यो दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ।

ठेक्काको विवरण :

| क.स. | ठे.नं. | कर संकलन गर्ने क्षेत्र | न्यूनतम ठेक्का अंक (मु.अ.कर वाहेक) | बोलपत्र दस्तुर | बोलपत्रको जमानत रु | समय अवधि |
|---|---|---|---|---|---|---|
| १ | ४ | कोशी गा.पा. क्षेत्रबाट निकासी तथा आयतमा हुने माछा कर | ११,२२३६५। | १०००।- | ५६१२०। | १५ दिन |
| २ | ९ | चौपाया मवेशी निकासी कर | १०००००। | १०००। | ५०००। | १५ दिन |

१. दरभाउपत्र साथ सकार गरेको वार्षिक ठेक्का रकमको ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत कोशी गाउँपालिकाको मेगा बैंक लौकहीमा रहेको खाता नं. ३०८००१००००२५५ मा जम्मा गरेको सक्कली बैंक भौचर संलग्न गर्नुपर्नेछ।

२. दरभाउपत्रसाथ पेश गर्ने फर्म /ठेक्केदारले नेपाली नागरिकताको प्रतिलिपि र इजाजत प्राप्त फर्मको प्रमाण पत्रको प्रतिलिपी कर चुक्ताको प्रमाणपत्र र भ्याट दर्ताको प्रमाणपत्र संलग्न गर्नुपर्नेछ।

३. प्रत्येक ठेक्काको लागि तोकिएको दरभाउपत्र फारम दस्तुर(फिर्ता नहुने) गरि तिरी कोशी गाउँपालिकाको कार्यालय राजश्व शाखाबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।

४. म्याद नाघि आएको वा रित नपुगेको दरभाउपत्र मान्य हुनेछैन।

५. ठेक्का सुरक्षित भएको दरभाउपत्रदाताले आफूले कबोल गरेको स्विकृत ठेक्का रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा मु.अ. कर बाहेक कुल ठेक्का रकमको १०(दश) प्रतिशत सम्म छुट दिइनेछ।

६. दरभाउपत्र फारम सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

७. शिलबन्दी दरभाउपत्र सूचिमा सूचना प्रकाशन भएको मितिले १६ औ दिनको १ बजेभित्र दर्ता गर्न सकिनेछ।

८. दर्ता भएको शिलबन्दी दरभाउपत्रहरु १६ औ दिनको ३ बजे खोलिने छ।

९. ठेक्का सुरक्षित भएको दरभाउपत्रदाताले आफूले कबोल गरेको स्विकृत ठेक्का रकमको पहिलो किस्ता वापत २५ प्रतिशत बुझाएको नगद रकम कट्टा गरी बाँकी बुझाउनु पर्ने किस्ताको बैंक ग्यारेन्टी अनिवार्य पेश गर्नु पर्ने छ। अन्यथा ठेक्का सम्झौता गरिने छैन।

१०. बन्द हडताल वा अन्य मानव सिर्जित कारणहरुबाट कर छुट र मिन्हा गरिनेछैन।

११. यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१२. माथि उल्लेखित ठेक्का बन्दोबस्तका लागि सम्बन्धित निकायबाट मान्यता प्राप्त न्यूनतम घ वर्गका इजाजत प्राप्त फर्महरु /ठेकेदारहरुबाट मात्र शिलबन्दी दरभाउपत्रमा सहभागी हुन पाउनेछन।

१३. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सर्वाधिकार कोशी गाउँपालिकामा सुरक्षित रहनेछ।

१४. अन्य थप जानकारीका लागि कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

कोशी गाउँपालिकाको कार्यालय
लौकही, सुनसरी
चोलाराज दंगाल
प्रमुख प्रशासकीय अधिकृत